## १०. स्वयं निष्कासन प्रणाली

**१. स्वयं निष्कासन भनेको कस्तो प्रकृया हो ?**

*भौतिक नियन्त्रण प्रणालीमा आधारित बाहेकका अन्तःशुल्क लाग्ने अन्य बस्तु वा सेवाको उत्पादन, निष्कासन, पैठारी तथा निकासी गरिने प्रकृया नै स्वयं निष्कासन प्रणाली हो ।*

**२. स्वयं निष्कासन प्रणाली अपनाउन चाहने उद्योगवालाले अन्तःशुल्क इजाजतपत्र लिनु पर्छ ?**

*लिनु पर्दछ ।*

**३. स्वयं निष्कासन प्रणालीअन्तर्गतका उद्योगले अनिबार्य रुपले राख्नु पर्ने अभिलेख तथा कागजहरू केके हुन् ?**

*अनुसूची २ को मासिक बिबरण, अनुसूची ३ को कच्चा पदार्थको आम्दानी र खर्च खाता, अनुसूची ४ को उत्पादन तथा निष्कासनको मास्केबारी र बार्षिक प्रतिबेदन, अनुसूची ५ को कच्चा पदार्थ र सहायक कच्चा पदार्थको मास्केबारी र बार्षिक प्रतिबेदन र अनुसूची ६ अनुसारको खरीद खाता तथा अनुसूची ७ अनुसारको बिक्री खाता अद्यावधिक राख्नु पर्दछ ।*

**४. इजाजतपत्रवालाले यस प्रकृया बमोजिम आफैं निष्कासन गरेको अन्तःशुल्क लाग्ने बस्तुको खाता तथा बिबरणको प्रमाणित कसबाट गराउनु पर्छ ?**

*स्वयं वा तोकिएको अधिकार प्राप्त व्यक्तिबाट गराउनु पर्दछ ।*

**५. यो प्रणाली अनुसार बिक्री हुने बस्तु वा सेवाको अन्तःशुल्क दाखिला गर्ने प्रकृया के हो ?**

*यो प्रणाली अन्तर्गत उत्पादन, पैठारी तथा बिक्री बितरण हुने बस्तु तथा सेवाको हकमा अनुसूची १३ बमोजिम बिजक जारी गर्दा बखतनै लाग्ने अन्तःशुल्क उल्लेख गरी असूल गर्नु पर्छ ।*

**६. बिजक जारी भएको कति दिनमा बिजक अनुसारको अन्तःशुल्क दाखिला गर्नु पर्दछ ?**

*बिजक जारी भएको पच्चिस दिन भित्र बिजक अनुसारको अन्तःशुल्क दाखिल गर्नु पर्छ ।*

**७. कसैले दाखिला गर्नु पर्ने भन्दा कम अन्तःशुल्क रकम बुझाएको भेटिएमा कस्तो कारबाही हुन्छ .?**

*म्याद भित्र भुक्तान नगरेको बाँकी अन्तःशुल्क रकममा प्रति दिन ०.०५ प्रतिशतका दरले बिलम्ब दस्तुर लाग्नेछ ।*

**८. कारोबार र अन्तःशुल्कको बिबरण कुन समय सम्म दाखिला गर्नु पर्दछ ?**

*हरेक महिनाको कारोबारको बिबरण सो महिना सकिएको पच्चिस दिन भित्र र आर्थिक बर्ष सकिएको पच्चिस दिन भित्र वार्षिक बिबरण बुझाउनु पर्नेछ ।*

**९. प्रतिष्ठानको भौतिक परिमाण, खाता तथा अभिलेख एबं अन्तःशुल्क बिबरणको जाँच्ने र प्रमाणित गर्ने काम कसले गर्छ ?**

*अन्तःशुल्क अधिकृतले गर्दछ ।*

**१०. भौतिक नियन्त्रण प्रणाली र स्वयं निष्कासन प्रणालीका बिचमा के भिन्नता छ ?**

*अन्तःशुल्क अधिकृत वा निजले तोकेको कर्मचारीको नियन्त्रणमा अन्तःशुल्क लाग्ने बस्तुको उत्पादन, निष्कासन, पैठारी तथा निकासी गरिने प्रणाली भौतिक नियन्त्रण अन्तर्गत पर्छ भने भौतिक नियन्त्रण प्रणालीमा आधारित बाहेकका अन्तःशुल्क लाग्ने अन्य बस्तु वा सेवाको उत्पादन, निष्कासन, पैठारी तथा निकासी गरिने प्रणाली चाहीं स्वयं निष्कासन प्रणाली अर्न्तगत पर्छ ।*